# वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत संचालित बहु सरोकारवाला वन कार्यक्रमको तेस्रो पक्षद्वारा भएको स्वतन्त्र मूल्याङ्कनको स्थलगत अनुगमन भ्रमण प्रतिवेदन




<u>प्रस्तुतकर्ता</u>

राष्ट्रिय योजना आयोगको सचिवालय,

अनुगमन तथा मूल्याङ्कन महाशाखा

सिंहदरवार, काठमाडौं

## १.पृष्ठभूमि

राष्ट्रिय योजना आयोगको सचिवालयले सम्पन्न वा कार्यान्वयनको क्रममा रहेका नीति, कार्यक्रम तथा आयोजनाहरुको मूल्याङ्कन गरी त्यसबाट प्राप्त नतिजालाई प्रयोग गर्दै नीति तथा निर्णयलाई तथ्य तथा सूचनामा आधारित वनाउन प्रयास गरिरहेको छ । यस क्रममा चालू आ.व. ०७२/७३ मा स्वतन्त्र मूल्याङ्कनकर्ता संस्थाबाट मूल्याङ्कन गराउने गरी ३ वटा कार्यक्रम/आयोजनाहरुको मूल्याङ्कन गराउने क्रममा बहु सरोकारवाला वन कार्यक्रमको South Asia Institute of Advanced Studies बाट मूल्याङ्कन गराउने निर्णय भएको छ ।

मूल्याङ्कनको लागि छनौट भएका संस्थाद्वारा पेश भएका Inception Report मा प्रस्ताव भए बमोजिम छनौट भएका जिल्लाहरुबाट सूचना तथा तथ्याङ्क संकलनको लागि फिल्डमा खटिएका सूचना संकलकहरुको कामको अनुगमन गर्न तथा सम्बन्धित कार्यालयका पदाधिकारी तथा सरोकारवालाहरुसंग अन्तरक्रिया गरी आयोजना तथा कार्यक्रमको सत्य तथ्य पत्ता लगाउनको लागि राष्ट्रिय योजना आयोगको सचिवालयको नतिजा व्यवस्थापन तथा मूल्याङ्कन शाखाबाट यो स्थलगत अनुगमन कार्य सम्पन्न गरिएको छ ।

## २. कार्यक्रमको परिचय

नेपाल सरकार, फिनल्याण्ड सरकार, स्वीस विकास सहयोग नियोग तथा संयुक्त अधिराज्य सरकारको अन्तरार्ष्ट्रिय विकास विभागको बहुपक्षीय सहयोगमा बहु सरोकारवाला वन कार्यक्रम (MSFP) वि.सं. २०६९ सालदेखि सुरु भएको १० वर्षे कार्यक्रम हो । प्रथम चरणमा रहेको यस कायक्रम केन्द्रित रुपमा २३ जिल्लामा र विषयगत रुपमा २० जिल्लामा गरी ४३ जिल्लामा लागू भएको छ । यस कार्यक्रमको पहिलो चरण २०६९/७० देखि २०७२/७३ सम्म अर्थात सन् २०१२ को जनवरीदेखि २०१६ को जुलाईसम्म संञ्चालन गरिएको छ भने कार्यक्रमको दोश्रो चरणमा थप १८ जिल्लामा बिस्तार गरी ६१ जिल्लामा पुर्‍याउने लक्ष्य रहेको छ ।

यस कार्यक्रमको मुख्य लक्ष्य नेपालका विपन्न तथा पछाडि परेका/पारिएका मानिसहरुको जीविकोपार्जनमा सुधार ल्याउनु तथा जोखिम वहन गर्ने क्षमता वृद्धि गर्नु रहेको छ । कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नबमोजिम रहेका छन् :

क. नेपाल सरकार र गैह्रसरकारी अभियन्ता/निकाय र संस्थावाट संयुक्तरुपमा वन क्षेत्रका रणनीति, नीति र कार्यक्रमहरु प्रभावकारी र समावेसी रुपमा कार्यान्वयन गर्नु ।

ख. निजीक्षेत्रवाट (किसान, ब्यवसायी, र वित्तीय संस्था) वन क्षेत्रमा रोजगारी सिर्जना गर्न लगानी वृद्धि गर्नु ।

ग. गरिब, सीमान्तकृत र जलवायु परिबर्तनको जोखिममा रहेका जनता र घरधुरीहरुलाई स्थानीय स्तरको वन ब्यवस्थापन र अन्य लगानीबाट लाभान्वित गराउनु ।

घ. नेपाल सरकार, स्थानीय समुदाय र निजीक्षेत्रबाट वनक्षेत्र र रुखहरुको दिगो ब्यवस्थापन गर्नु

## ३. अनुगमन भ्रमणको उद्देश्यः

- तेश्रो पक्षद्वारा भैरहेको मूल्याङ्कन कार्यको स्थलगत अनुगमन गर्ने ।
- कार्यक्रमसंग सम्बन्धित पदाधिकारीहरु तथा अन्य सरोकारवालाहरुसंग अन्तरक्रिया गरी सत्य तथ्य पत्ता लगाई प्रतिवेदन गर्ने ।

## ४. अनुगमन भ्रमणमा सूचना संकलनको विधिः

अनुगमनको क्रममा निम्नानुसारको विधि अपनाई सूचना संकलन गरिएको छ ।

- मूल्याङ्कनकर्ताहरुको कामको स्थलगत अनुगमन,
- लक्षित समूह तथा सरोकारवालाहरुसंग अन्तरक्रिया,
- स्थलगत अवलोकन तथा निरीक्षण ।
- सम्बन्धित आयोजना प्रमुख/कार्यालय प्रमुखसंगको छलफल तथा अन्तरक्रिया ।
- उपभोक्ता समितिका पदाधिकारीहरुसंग छलफल तथा अन्तरक्रिया
- आयोजनासंग सम्बन्धित दस्तावेजको अध्ययन ।

माथि उल्लेखित विधिहरु अपनाई देहाय बमोजिमका क्रियाकलापहरु मार्फत सूचना तथा जानकारीहरुको संकलन गरिएको छ :-

**समूहसंगको छलफल कार्यक्रम** (Focus Group Discussion) **सम्बन्धी विवरण**

| सि.नं | संस्था | सम्पन्न FGD |
|---|---|---|
| १. | बहु सरोकारवाला वन कार्यक्रम, हरिहरपुर गा.वि.स., धनुषा | १ |
| २. | बहु सरोकारवाला वन कार्यक्रम, मधुवासा, पुष्पबलपुर गा.वि.स., धनुषा | १ |
| ३. | बहु सरोकारवाला वन कार्यक्रम, चैनपुर, सिद्धपोखरी | १ |
| | जम्मा | ३ |

## ५.अनुगमनमा संलग्न कर्मचारीहरुको विवरण

२०७३ असार पहिलो र दोश्रो हप्तामा गरिएको अनुगमन भ्रमणमा यस सचिवालयका का.नि. श्री श्याम प्रसाद भण्डारी, गोकुल खड्का र रामप्रसाद आचार्य, उप सचिव श्री राम वावु अधिकारी (कृषि बिकास मन्त्रालय), यो.अ. अनुप के.सी., श्री केशव श्रेष्ठ, निरञ्जन ज्ञवाली र श्री मीना देवी श्रेष्ठ संलग्न हुनुभएको थियो ।

## ६. अनुगमन भ्रमणको कार्य प्रगति र देखिएको यथार्थता:

### १) बहुसरोकारवाला वन कार्यक्रम, हरिहरपुर गा.वि.स, धनुषा

यस कार्यक्रमको मूल्याङ्कन कार्यमा सहभागी सुपरभाइजर श्रीकमल कुमार पंकज र गणक रामकुमार महतोको टोलीले सम्पन्न गरेको घरधुरी सर्वेक्षण, समूह छलफल, संस्थाको सर्वेक्षण र मुख्य सुचनादातासंगको अन्तरवार्तासम्वन्धी कार्यको स्थलगत अनुगमन गरी सो क्रममा निम्न जानकारी तथा सूचना संकलन गरियो :

सामुदायिक वन कार्यक्रमवाट दलित, जनजाति र सुकुम्वासी समेत गरी ४७ घरधुरी प्रत्यक्ष लाभान्वित भएको । जिवन केन्द्र नामक संस्थावाट आधारभूत तालिम प्रदान गरिएको । सामुदायिक वन संरक्षणको लागि तटवन्ध निर्माण गर्नु पर्ने उपभोक्ताबाट माग गरिएको । प्रत्येक महिना सामुदायिक वन कार्यक्रममा सहभागीहरुले मासिक रु.५० का दरले जम्मा गर्नु पर्ने व्यवस्था गरिएको । सामुदायिक वन संरक्षणको लागि थप सहयोगको आवश्यकता रहेको । वनक्षेत्रमा तारवार नभएको कारणवाट गाईवस्तु पसी वन विनास हुने गरेको हुंदा तारवारले घेर्नु पर्ने भएकोले सो को लागि सहयोग उपलब्ध गराई दिन माग गरिएको । अगरवत्ती उत्पादन भएता पनि घरेलु उद्योगमा दर्ता नभएको कारणवाट उत्पादित सामान वजारमा विक्री गर्न समस्या रहेको जानकारी प्राप्त भएको । कबुलियत वन संरक्षण कार्यक्रमबाट फलफूल उत्पादनमा वृद्धि भई आम्दानी बढेको, बाखा पालनमा वृद्धि भएको । समूहगत रुपमा काम गर्ने बानीको विकास हुँदै गएको । समूहमा मधेशी र पहाडी समुदायको समिश्रण पनि रहेको पाईयो ।



(धनुषा हरीहरपुर गाविसका वन उपभोक्ता समूहसंगको छलफल र बाखा पालनमा भएको बढोत्तरी)

### २) बहु सरोकारवाला वन कार्यक्रम, मधुवासा गाउ, पुष्पबलपुर गा.वि.स., धनुषा

मूल्याङ्कन कार्यमा सहभागी सुपरभाइजर श्रीकमल कुमार पंकज र गणक प्रभु क्याप्छाकीको टोलीले सम्पन्न गरेको घरधुरी सर्वेक्षण, समूह छलफल, संस्थाको सर्वेक्षण र मुख्य सुचनादातासंगको अन्तरवार्तासम्वन्धी कार्य मध्ये समूहगत छलफल कार्यको अनुगमन गरी सो क्रममा निम्न जानकारीहरु संकलन गरियो :

उत्पादित वस्तुलाई बजारसम्म लैजान ढुवानी साधनको अभाव रहेको । पुष्पबलपुर गा.वि.स वडा नं ९ मा रहेको सामुदायिक वन कार्यक्रममा पुर्वछाने, क्यापछाके, पुलामे, आले, लायो, वरई, रैका, तिङग्रीन लगायत अधिकांश मगर जातिहरुको सहभागिता रहेको । अति विपन्न घरधुरी १०, विपन्न ४० समेत गरी कुल ७० घरधुरी सामुदायिक वन कार्यक्रममा प्रत्यक्ष संलग्न भएको । सिटरोला वनस्पति संकलनमा ७० घरधुरी नै सहभागी भएको र अगरवत्ती वनाउने कार्यमा २४ घरधुरी संलग्न रहेको । अगरवत्ती उत्पादनको लागि घरेलु उद्योगमा दर्ता भई प्रमाणपत्र लिई नसको हुदा स्थानीय अरु व्रान्डका खोलहरुमा राखि अगरवत्ती वजारमा विक्रि वितरण गर्दै आएकोले सामानको उचित मूल्य नपाएको । सिटरोला र अगरवत्ती जस्ता सामान उत्पादनको लागि आधुनिक प्रविधि र मेशिनको अभाव रहेको । उत्पादित सामान वजार सम्म पुर्‍याउन यातायातको असुविधा रहेको । वाढी, कटानले समस्या भएको । नेपाल सरकार र जीवन केन्द्र नामक गैर सरकारी संस्थावाट अगरवत्ती उत्पादनसम्वन्धी तालिम प्रदान गरिएको ।



**(बहु सरोकारवाला वन कार्यक्रम, मधुवासा गाउ, पुष्पबलपुर गा.वि.स., धनुषाका वन उपभोक्तासंग गरिएको छलफल)**

## ३) शुक्रबारे सामुदायिक बन, सिद्धपोखरी, चैनपुर, संखुवासभा,

बहु सरोकारवाला बन कार्यक्रमको मूल्याङ्कनका लागि छानेका ७ जिल्लाहरुमध्ये संखुवासभा जिल्लाको सिद्धपोखरी, तामाफोक, मत्स्यपोखरी र स्याबुनलाई घरधूरी सर्बेक्षण, लक्षित समूहसंग हुने छलफल तथा जानिफकार व्यक्तिसंगको अन्तरवार्ताको लागि छनोट गरेको थियो । उक्त संस्थाका तर्फबाट सूचना संकलनको लागि जिल्ला सुपरभाइजर श्री छिन्दु शेर्पा तथा गणक छत्र शेर्पा (सिद्ध पोखरीको लागि) को संयोजनमा चैनपुर न.पा.वडा नं. ९ सिद्धपोखरीस्थित शुक्रबारे सामुदायिक बनका अध्यक्ष लगायत अन्य उपभोक्ताहरुको उपस्थितिमा आयोजित लक्षित समूहसंगको छलफल तथा अन्तरक्रियामा सहभागी भई बहुसरोकारवाला बन कार्यक्रमले गरेका क्रियाकलापहरुको जानकारी एवम् त्यसको प्रगति बारेमा जानकारी लिइएको ।



(शुक्रबारे सामुदायिक बन उपभोक्ता संस्थामा भएको अन्तरक्रियापछि सस्थाका पदाधिकारीसंग)

जिल्ला वन अधिकृत श्री सुशील भण्डारी लगायत अन्य कर्मचारीसंग अनुगमन टोलीले बहु सरोकारवाला बन कार्यक्रमको बारेमा छलफल एवम् अन्तरक्रिया सम्पन्न गरेको छ । अन्तरक्रियाको क्रममा कार्यालयको जिम्माभित्र जिल्लाको ७७ हजार हेक्टर बन रहेको, त्यसको संरक्षण गर्न ९ स्थानमा इलाका बन कार्यालय, जहाँ अधिकृत स्तरका कर्मचारी रहेको जानकारी गराउनु भयो ।

छलफलका क्रममा बहुसरोकारवाला वन कार्यक्रमले तालिम, गोष्ठी, Livelyhood Implement Program, Sheed money, विरुवा उत्पादन र उत्पादन नगरेका विरुवाहरु निजी नर्सरीहरुबाट खरीद गरी वितरण गरिएको, अतिक्रमण र चोरी नियन्त्रण लयायतका कार्यक्रमहरु संचालन गरिरहेकोमा आगामी वर्षदेखि यो कार्यक्रमको निरन्तरता नहुने जानकारी आएकोले यस्ता कार्यक्रमहरुलाइ पनि नेपाल सरकारकै नियमित कार्यक्रममा समायोजन गर्ने गरी प्रस्ताव गरिएको जानकारी गराउनु भएको । कार्यालयले सञ्चालन गरेका उत्पादनमूलक कार्यक्रममा ८० प्रतिशत भौतिक प्रगति र त्यतिकै मात्रामा बित्तीय प्रगति भएको जानकारी प्राप्त भयो । छलफलको क्रममा बहु सरोकारवाला बन कार्यक्रमले स्थानीय

स्तरमा रहेका बिपन्न जनतालाई आय आर्जन गर्न सहयोग पुगेको, बनको संरक्षणमा सहयोग पुगेको जानकारी गराउनु भयो ।

## ७.सुझावहरुः

धनुषास्थित मधुवासा, पुष्पबलपुर गा.वि.स. र हरिहरपुर गा.वि.स.मा रहेको सामुदायिक वन संरक्षणको लागि वाढी, कटान रोक्नको लागि तटवन्ध निर्माण गर्नु पर्ने देखिएको । सामुदायिक वनमा रहेको लिचि आंप जस्ता फलफुल संरक्षणको लागि तारवारले घेरी संरक्षण गर्न  आवश्यक देखिएको । अगरवत्ती, सिटरोलासम्वन्धी थप तालिम संचालन र बजारसम्मको पहुँच स्थापित गर्न थप सहयोग गर्नु पर्ने । संस्था दर्तामा सहजीकरण गर्नु पर्ने देखिएको । आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था गरी वन उपभोक्ता समुहको कार्यलाई निरन्तर अनुगमन गर्नु पर्ने ।

## ८. निश्कर्षः

बहु सरोकारवाला वन कार्यक्रमको तेश्रो पक्ष मूल्याङ्कन कार्यको स्थलगत अनुगमनका क्रममा लक्षित समुहसंग अन्तरक्रिया, स्थानीय सरोकारवालाहरुसंग छलफल, तेश्रो पक्षबाट भइरहेको घरधूरी सर्भेक्षण कार्य तथा संचालित कार्यक्रमको स्थलगत अबलोकन तथा निरीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ । तेश्रो पक्ष मूल्याङ्कन कार्यलाई स्वतन्त्र, निष्पक्ष एवं यथार्थपरक होस् भन्नका लागि गरिएको यस अनुगमनबाट देखिएका कमी कमोजारीहरु  मूल्याङ्कन प्रतिवेदनमा परे नपरेको सम्बन्धमा आगामी दिनमा ध्यान दिनुपर्ने देखिन्छ । अनुगमनका क्रममा देखिएका उल्लेखित नकारात्मक पक्षहरुको नियन्त्रण गर्दै सकारात्मक पक्षहरुलाई आगामी दिनमा समेत निरन्तरता र प्रोत्साहन दिन सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नुपर्ने देखिन्छ । तेश्रो पक्षद्वारा गरिएको उल्लेखित कार्यक्रमहरुको मूल्याङ्कनको प्रारम्भिक कार्य सकारात्मक रुपमा अगाडी बढिरहेको स्थलगत अनुगमनको क्रममा देखिन आएको छ । मूल्याङ्कनकर्ताबाट आउने प्रतिवेदनले कार्यक्रम तथा आयोजनाको सम्बन्धमा थप यथार्थ स्थितिको चित्रण गर्ने अपेक्षा गर्न सकिन्छ ।

**समाप्त**